(आ.व.२०७९/०८० भजनी नगर कार्यपालिकाको बैठक संख्या ४)

आज मिति २०७९ साल असोज ३१ गते सोमबारका दिन बिहान ११ :०० बजे भजनी नगरपालिकाका नगर प्रमुख श्री केवल चौधरीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो।

उपस्थिति

| सि.नं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री केवल चौधरी | नगर प्रमुख | |
| २ | श्री राजु तिरुवा | नगर उपप्रमुख | |
| ३ | श्री धर्मेन्द्र श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ४ | श्री दुर्गा बहादुर पुनमगर | कार्यपालिका सदस्य | |
| ५ | श्री बिक्रम चौधरी | कार्यपालिका सदस्य | |
| ६ | श्री जन्ताराम चौधरी | कार्यपालिका सदस्य | |
| ७ | श्री केशव बहादुर बुढा | कार्यपालिका सदस्य | |
| ८ | श्री राम सागर चौधरी | कार्यपालिका सदस्य | |
| ९ | श्री अमर बहादुर कठरिया | कार्यपालिका सदस्य | |
| १० | श्री पंकज चौधरी | कार्यपालिका सदस्य | |
| ११ | श्री संजीव कुमार चौधरी | कार्यपालिका सदस्य | |
| १२ | श्री मन देवी चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री जैसरा कामी ओड | कार्यपालिका सदस्य | |
| १४ | श्री शान्ती कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १५ | श्री राजमती चौधरी | कार्यपालिका सदस्य | |
| १६ | श्री कृष्ण कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री गणेश कुमार वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री प्रेम बहादुर चन्दरा | कार्यपालिका सदस्य | |
| १९ | श्री रामदेव राजी | कार्यपालिका सदस्य | |
| २० | श्री नोखिराम ओली | प्र.प्र.अ. / सचिव | |

अन्य उपस्थिति

अधिकृत छैठौं श्री चन्द्र देव भट्ट

अधिकृत छैठौं श्री विष्णु राज न्यौपाने

सहायक कर्मचारी श्री प्रद्युम्न चौधरी

**प्रस्तावहरु :-**

१. वाडीपिडित क्षेत्र घोषणा सम्बन्धमा ।

२.कार्यसंचालन निर्देशिका सम्वन्धमा ।

३. मुक्त कमैयाहरुलाई घर निर्माण र काठ वाफत अनुदान रकम दिने सम्वन्धि कार्यविधि सम्बन्धमा ।

४. बार्षिक खरिद योजना सम्बन्धमा । ।

५. विविध सम्बन्धमा ।

**निर्णयहरु :-**

**निर्णय नं. १** प्रस्ताब नं.१ माथि आवश्यक छलफल गर्दा सुदूरपश्चिम प्रदेश कैलाली जिल्लाको मध्य दक्षिणी भागमा अबस्थित पूर्वमा पथरैया,दक्षिणमा मोहना, बीच भागमा काँढा, ,कान्द्रा नदीहरुले घेरिएको यस नगरपालिका क्षेत्रमा बर्षेनी बाढीका कारण खेतीयोग्य जमिन र वस्तीक्षेत्र डुवान,कटान भई ठूलो संख्यामा धन जनको क्षति हुने गरेको र यस वर्ष पनि २०७९ भाद्र ३०,३१ गते र असोज २१,२२ गते आएको बाढीका कारण २ जना व्यक्तिको ज्यान समेत गएको, अधिकांश घरहरुमा क्षति पुगेको र भित्राऊनै लागेको धान वाली सखाप भएको,सडक,पुलपुलेसा बाटाघाटा हरु बिग्री भत्की आवतजावतमा असुविधा पर्न गई जनजीवन कष्टकर हुन गएको हुँदा यस भजनी नगरपालिका क्षेत्रलाई वाढीपिडित क्षेत्र घोषणा गर्ने र यस भजनी नगरपालिकालाई वाढीपिडित संकटग्रस्त क्षेत्र घोषणा गरि दिनका लागि नेपाल सरकार संग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** प्रस्ताब नं.२ माथि आवश्यक छलफल गर्दा भजनी नगरपालिकाको कार्यसंचालन निर्देशिका २०७९ ,स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** प्रस्ताब नं.३ माथि आवश्यक छलफल गर्दा भजनी नगरपालिकाको भूमिहीन मुक्त कमैयाहरुलाई घर निर्माण र काठ वाफत अनुदान दिने सम्बन्धि कार्यविधि २०७९ , स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** प्रस्ताब नं. ४ माथि आवश्यक छलफल गर्दा एघारौ नगर सभा बाट स्वीकृत यस आ.व.२०७९/०८० मा संचालन हुने भवन निर्माण,सडक जस्ता प्राविधिक ज्ञान सीप आवश्यक पर्ने कालोपत्रे योजनाहरु ठेक्का प्रक्रियां मार्फत गर्ने तथा रु १५००००० /-(पन्ध्र लाख) सम्मका उपभोक्ताको सहभागिता जुटने, स्थानीय स्रोत,सीप प्रयोग हुने, स्थानीय रोजगारी अभिबृद्धि हुने जस्ता अन्य योजनाहरु उपभोक्ता समितिबाट गर्ने गरी पेश भएको बार्षिक खरिद योजना २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

केवल चौधरी
नगर प्रमुख

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ५** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

( क) यस भजनी नगरपालिकाको क्षेत्र भएर बग्ने नदीहरुको किनाराबाट माटो निकाली बेच बिखन गर्ने गरेको पाईएको र सोका कारण नदीहरुको किनाराको जमिन होचो भई वस्ती र खेतीयोग्य क्षेत्रमा नदी प्रवेश गरी डुवान हुने गरेकोले नदीहरुको किनाराबाट माटो निकाली बेच बिखन गर्न नपाउने निर्णय गरियो साथै सडकको छेउछाउ,किनारामा ढुङ्गा, गिट्टी, वस्तुभाउ लगायत अन्य सामान राखे गरिएको पाईएकोले सो कार्यले यातायात,आवतजावतमा असुविधा पर्न गएको हुँदा त्यस्तो कार्य नगर्न नगराउन सम्वन्धित सबैलाई सार्वजनिक जानकारी दिने निर्णय गरियो ।

(ख) वाढीपिडितहरुको संकलित तथ्यांक फारामहरु वडा कार्यालयहरुमा पठाई इन्ट्री गर्न लगाउने इन्ट्री गरे वाफत नेपाल रेडक्रसले उपलव्ध गराउने प्रति फाराम रु ६/- मा नगरपालिकाबाट प्रति फाराम रु ४/- थप गर्ने निर्णय गरियो ।

(ग) मिति २०७९/०४/१९ गतेको कार्यपालिका बैठकको निर्णय नं १ बमोजिम प्राथमिक स्वास्थ्य केन्द्रको मर्मत सम्भार तथा व्यवस्थापनका लागी रु १२,०००००/- (बाह्र लाख) अल्या रकम बाट विनियोजन गर्ने ।

(घ) अल्या रहेको रकम बाट रु १,००,००,०००/-(एक करोड ) डी.पी.आर.का लागी विनियोजन गर्ने र सो कार्यका लागी सवै वडाहरु बाट योजना माग गर्ने ।

(ङ) सामुदायिक पशुहरुको आहाराको व्यवस्थापनका लागि यस नगरपालिकामा संचालित गौशालाहरुमा पराल सहयोगका लागि अनुरोध गर्ने र गौशाला सम्म पराल ल्याए बापत वडा कार्यालय र पशुसेवा शाखाको सिफारिसमा प्रति डल् लपको रु १५००/-(एक हजार पाँच सय ) र प्रति ट्याक्टरको रु ३०००/-(तीन हजार) भुक्तानी दिने ।

(च) सामुदायिक पशु व्यवस्थापन कार्यविधि र नगर प्रहरी कार्यविधि बनाउन विधेयक समितिलाई निर्देशन दिने ।

(छ) महेन्द्र सिंह बुढाको घर नजिक मोहना नदीमा चेकड्याम्म निर्माण र छल्कापुर नजिक बाटो निर्माणको (वडा नं ५ ) प्राविधिक मुल्यांकन गरी रकम भुक्तानी दिने ।

(ज) महेन्द्र मा.वि. भवन निर्माण वडा नं ५ तथा दुर्गा मा.वि. भवन निर्माण वडा नं ३ को ठेक्का सम्झौताको म्याद बैंक ग्यारेन्टीको म्याद निर्माण व्यवसायीबाट थप भई आएपछि अन्तिम पटकका लागी माग बमोजिम थप गर्ने ।

केवल चौधरी
नगर प्रमुख

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

CS CamScanner